# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कार्यालय र मातहतसमेत १७ निकायको यो वर्ष विनियोजन रु.२८ अर्ब ८६ करोड ६२ लाख, राजस्व रु. ७८ लाख, धरौटी रु.३ करोड ४२ लाख र अन्य कारोबार रु.२१ लाखसमेत रु.२८ अर्ब ९१ करोड ३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समितिसमेत ११ को रु.१६ अर्ब ५६ करोड २७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन -** गरिवी निवारण कोषले घुम्ती कोषमा लगानी गरेको रकमको प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी अभिलेख नराखेको, नेपाल राष्ट्र बैङ्कको निर्देशन विपरित खाता सञ्चालन वापत बाणिज्य बैङ्कहरुलाई शेवा शुल्क भुक्तानी गरेको लगायतका व्यहोरा विगतका प्रतिवेदनमा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था मिलाउनुपर्दछ।

२. **खरिद व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१(१) सँग सम्बन्धित अनुसूची-३ मा खरिद सम्झौतामा उल्लिखित मालसामान वा अन्य सेवा माग गरेको समयमा आपूर्तिकर्ताबाट प्राप्त गर्ने व्यवस्था गर्न संरचनात्मक वा एकाईगत दर सम्झौता गर्न सकिने उल्लेख छ। कार्यालयले पटक पटक खाद्यान्न एवं खाजा/खानाबापत ४ आपूर्तकलाई रु.२ करोड ३० लाख भुक्तानी गरेकोमा उपर्युक्त व्यवस्थाबमोजिम गरेको देखिएन। नियमको व्यवस्थाबमोजिम मितव्ययी एवं पारदर्शी बनाई खर्च गर्नुपर्दछ।

## लगानी बोर्डको कार्यालय

३. **आयोजना कार्यान्वयन-** लगानी बोर्डलाई लगानीसम्बन्धी नीति तर्जुमा, लगानी प्रतिस्पर्धात्मक/प्राथमिकताका क्षेत्र छनौट, प्रस्ताव आह्वान, परियोजना सम्झौता, कार्यान्वयनको अनुगमन, आर्थिक तथा गैरआर्थिक सुविधा निर्धारण, सरकारी जग्गा उपलब्ध गराउने, सरकारी निकाय तथा स्थानीय निकायबीच समन्वय, लगानी प्रवर्द्धनलगायतको काम कर्तव्य र अधिकार तोकिएको छ।

बोर्डले नौ सय मेगावाट क्षमताका माथिल्लो कर्णाली र अरुण तेस्रो दुई जलविद्युत आयोजना निर्माणको लागि दुई विदेशी कम्पनीसँग क्रमशः २०७१।६।३ र २०७१।८।९ मा परियोजना विकास सम्झौता गरेको छ। सम्झौतामा प्रवर्द्धक कम्पनीले आयोजनालाई आवश्यक जग्गा प्राप्ति, स्थानीयस्तरमा प्रभावित परिवारलाई पुनर्स्थापना, शिक्षा, स्वास्थ्य, नेपाली जनशक्ति र स्रोतको उपयोग सम्बन्धी विकास एवं तालिम, पूर्वाधार निर्माण लगायतका कार्य गर्नुपर्ने व्यवस्था छ। कार्यतालिकामा एक्काइस महिनाभित्र जग्गा प्राप्ति कार्य सम्पन्न गरिसक्नुपर्नेमा अरुण तेस्रो परियोजनाले निजी जग्गाको मुआब्जा वितरण कार्य सम्पन्न गरे तापनि सरकारी निकायहरुबीच समन्वय र सहजीकरण हुन नसकेको कारण सरकारी तथा वनक्षेत्रको जग्गा सम्वन्धी कार्य बाँकी रहेको पाइयो। माथिल्लो कर्णाली परियोजनाको लागि जग्गा प्राप्तिसम्बन्धी काम भएको पाइएन। दुबै परियोजनाबाट २०७८।९।१६ भित्र व्यावसायिक उत्पादन गर्ने लक्ष्य रहेकोमा जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कार्यमा नै ढिलाइ हुँदा निर्माण कार्यमा समेत प्रभाव पर्ने हुनाले बोर्डले आवश्यक समन्वय र सहजिकरण गरी कार्यतालिकाबमोजिम आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाउनुपर्ने देखिन्छ।

४. **वैदेशिक सहायता -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। नेपाल सरकार र डीएफआईडीबीच २०७२।१।३ मा भएको सम्झौतामा दाता निकायबाट २०७६।१२।१८ सम्मको अवधिमा ३ लाख ५० हजार पाउण्ड बराबरको प्राविधिक सहयोग प्राप्त हुने उल्लेख छ। कार्यालयले सो सहयोग अन्तर्गतको लेखा तथा आर्थिक विवरण लेखापरीक्षणको लागि पेश गरेको छैन। कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष रु.१ करोड ४२ हजारको विभिन्न सामानहरु प्राप्त गरेकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४८ बमोजिम वार्षिक केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको देखिएन। नियमावलीको व्यवस्था पालना हुनुपर्दछ।

## नेपाल ट्रष्टको कार्यालय

५. **सम्पत्तिको उपयोग -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ मा ट्रष्टको सम्पत्ति व्यापक र सर्वोतम सार्वजनिक लाभ हुने शैक्षिक, प्राज्ञिक र स्वास्थ्यसम्बन्धी कार्यमा प्रयोग गर्नुपर्ने व्यवस्था छ । ट्रष्टको नाममा मुद्दती खातामा रु.३७ करोड ८० लाख, चल्ती तथा बचत खातामा रु.१ करोड ७३ लाख, पाउण्ड ४८ हजार, अमेरिकी डलर १ लाख ३७ हजार, ३ संस्थाको बैङ्क शेयर २ लाख ३० हजार १०२ कित्ता र १२ जिल्लामा २१ हजार ५६२ रोपनी जग्गा रहेकोमा काठमाडौंका ३ र मकवानपुरको १ स्थानका जग्गा लिजमा दिने प्रक्रिया अघी बढाएको भए तापनि अन्य जग्गा तथा सम्पत्तिको उपयोग सम्वन्धमा प्रक्रिया अघि बढाएको छैन । उद्देश्यानुसार सम्पत्तिको उपयोग गर्नुपर्दछ ।

ट्रष्टले आफ्नो नामका दक्षिणकाली नगरपालिका, फर्पिङ्गमा रहेको ६८ रोपनी १२ आना जग्गा र सोमा निर्मित भवन विगत वर्षदेखि नै एक निजी आवासीय विद्यालयले प्रयोग गर्दै आएकोमा ट्रष्टसंग सम्झौता गरेको छैन । सम्झौता गरेरमात्र जग्गा तथा भवन प्रयोग गर्न अनुमति दिनुपर्दछ ।

# कार्यमूलक लेखापरीक्षण

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणअन्तर्गत भूकम्प अति प्रभावित जिल्लाको पुनर्स्थापना तथा पुनर्निर्माण कार्यक्रम कार्यान्वयन स्थितिको कार्यमुलक लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोराहरु देहायअनुसार छन्:

६. **स्वास्थ्य संस्था -** भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी नियमावली, २०७२ को नियम ३ मा प्राधिकरणले स्वास्थ्य संस्था सम्वन्धित सेवाको लागि पहिलो प्राथमिकता निर्धारण गरी आयोजना कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पी.डी.एन.ए. ( विपद पश्चातको आवश्यकता सङ्कलन) प्रतिवेदन अनुसार अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरुसमेत १ हजार १०० स्वास्थ्य संस्था पूर्ण रुपमा क्षति भएकोमा पुनर्स्थापना गरिएका संस्थाको अभिलेख प्राधिकरणमा रहेको देखिएन । भूकम्प अति प्रभावित १४ जिल्लाका केही स्वास्थ्य संस्थाको पुनर्स्थापनाको लागि गैरसरकारी संस्थालाई स्वीकृति प्रदान गरे तापनि प्रगति प्रतिवेदन नलिएकाले स्थिति स्पष्ट छैन । रसुवा जिल्ला अस्पताल अस्थायी पालमा सञ्चालन रहेको, १४ स्वास्थ्य चौकी पूर्ण क्षति भएकोमा १२ स्वास्थ्य चौकी पालमै सञ्चालन भैरहेको र बाँकी २ लाङटाङ र हाकु स्वास्थ्य चौकीले सेवा प्रवाह नै गरेका छैनन् । अन्य जिल्लामा पनि स्वास्थ्य संस्थाको पुनर्स्थापनाका लागि यो वर्ष कार्यक्रम बनाई प्राधिकरणबाट रकम विनियोजन नगरेको कारण त्यस्ता स्वास्थ्य संस्थाहरु पुनर्स्थापना हुन सकेका छैनन् । स्वास्थ्य सेवा प्रवाह सुचारु हुन नसकेकाले नीतिगत प्राथमिकताअनुसार पुर्नर्स्थापना तथा पुनर्निर्माण क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

७. **अन्य संरचना -** भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ को दफा ४ घ मा पुर्ननिर्माणको लागि आवश्यक नीति, योजना, बजेट तथा कार्यतालिका सहितको कार्यक्रम स्वीकृत गर्ने उल्लेख छ । विस्तृत कार्यक्रम स्वीकृत नभएका कारण सम्बन्धित कार्यालयहरुले भूकम्पबाट भएका क्षतिको मुल्यांकन नगरी मर्मत कार्य तथा क्रमागत योजनामा समेत खर्च गरेको छ । जिल्ला भू-संरक्षण कार्यालयहरुले ११ जिल्लाका २९ वस्तीमा जोखिम न्यूनीकरणका कार्यक्रम संचालन गर्नुपर्नेमा जोखिम पहिचान नभएको स्थानमा रु.१४ करोड ६१ लाखको ग्याबियन जाली वितरण गरेको छ । यसरी वितरित जाली उपयोगको सन्दर्भमा रसुवा, गोरखा तथा नुवाकोटका केही स्थानहरुमा स्थलगत निरीक्षण गर्दा बारीका कान्ला तथा घरको जगमा समेत प्रयोग भएको देखियो । यसरी विस्तृत कार्यक्रम स्वीकृत नगरी रकम पठाउँदा उद्देश्य अनुरुप प्रयोग नहुने, क्रमागत कार्यक्रमसँग दोहोरोपना हुन जाने र प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतसाधनको प्रवाह नहुने भई पुनर्निर्माणको उद्देश्य हासिल नहुने देखिन्छ । यस्तो कार्यपद्धतिमा नियन्त्रण गर्न सम्बद्ध निकायको ध्यान जानुपर्दछ ।

८. **जोखिमयुक्त वस्ती स्थानान्तरण** - राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ तथा आवधिक योजनामा जोखिमपूर्ण वस्तीको यथार्थ अद्यावधिक अभिलेख तथा विवरण तयार गरिने, वस्ती स्थानान्तरणको लागि सम्बद्ध पीडित परिवारको आर्थिक सामाजिक संरचनाको आधारमा स्थानान्तरण गर्ने उपयुक्त स्थानको पहिचान

गरिने र वस्ती स्थानान्तरण योजना तर्जुमा तथा कार्यान्वयन गरिने उल्लेख छ । प्राधिकरणबाट प्राप्त विवरण अनुसार अध्ययन गरिएका ओखलढुङ्गा, रामेछाप, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, नुवाकोट, गोरखा, रसुवा र दोलखागरी ९ जिल्लाका ४७ गाउँ विकास समितिमा रहेका ७६ स्थानलाई जोखिमयुक्त वस्ती भनी पहिचान गरेको देखिन्छ । त्यस्ता जोखिमयुक्त वस्तीमध्ये २९ वस्तीमा जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख भएकोमा रसुवाका लाङटाङ र हाकु गाउँ विकास समितिबाहेक बाँकी स्थानमा निजी आवास अनुदानको पहिलो किस्ता वितरण गरेको छ । यसरी जोखिम पूर्ण भई स्थानान्तरण गर्नुपर्ने भनी प्राथमिक चरणमा पहिचान भएका वस्तीको विस्तृत सर्भेक्षण गरी जोखिमयुक्त स्थानहरुको पहिचान गरी त्यस्तो स्थानमा वसोवास गरी रहेका लाभग्राहीलाई जोखिमको जानकारी गराई वसोवासका लागि उपयुक्त स्थानको विकल्प दिएरमात्र अनुदान वितरण हुनु पर्दछ ।

९. **अस्थायी आवास (सेल्टर) निर्माण -** भूकम्पबाट विस्थापित ११ जिल्लाका ८६ स्थानमा १ हजार २२४ परिवारलाई २०७३ को वर्षा अगाडि नै अस्थायी आवासमा स्थानान्तरण गर्ने उद्देश्यले आवास निर्माणका लागि रु.१ अर्ब ८८ लाख विनियोजन भएको देखिन्छ । यो वर्ष अस्थायी आवास निर्माणमा रु.४० करोड ५३ लाख खर्च गरी ४३ स्थानमा निर्माण सम्पन्न भए तापनि सम्पन्न भएका अस्थायी आवासहरुको विधिवत रुपमा गाउँ विकास समितिलाई हस्तान्तरण गरेको छैन र तिनीहरुको सुरक्षाको प्रबन्ध पनि मिलाएको छैन । जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्देशनमा रसुवा जिल्लाको धुन्चेमा रहेको १ अस्थाई आवासमा हाकु गाउँ विकास समितिका २० परिवार वसोवास गरेको देखिन्छ । त्यसैगरी सिन्धुली जिल्लाको कमलामाई नगरपालिकास्थित ढुङग्रेवासमा प्रहरीहरु वसोवास गरेका छन् बाँकी कुनै पनि अस्थायी आवास प्रयोगमा रहेको देखिएन । यसबाट अस्थायी आवास निर्माणमा गरिएको लगानीको उद्देश्यअनुसार उपयोग हुन सकेको देखिएन ।

१०. **घरधुरी सर्भेक्षण -** राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ तथा भूकम्पबाट पूर्णरुपमा क्षति भएका आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७२ अनुसार मर्मत तथा प्रवलीकरण गर्दा पनि प्रयोग गर्न नसक्ने गरी पूर्णरुपमा क्षति भएका र अन्यत्र कुनै आवासीय घर नभएका सर्वसाधारणहरु मात्र निजी आवास पुनर्निर्माण अनुदान पाउने लाभग्राहीको सूचीमा समावेश हुने व्यवस्था छ । जनगणना २०६८ अनुसार उपत्यका बाहेकका भूकम्प अति प्रभावित ११ जिल्लामा ६ लाख २२ हजार ५६६ घरधुरीहरु रहेकोमा निजी आवास अनुदान वितरण प्रयोजनको लागि ५ लाख ३२ हजार २३६ घरधुरी पहिचान भई लाभग्राहीमा समावेश गरेको देखिन्छ । सर्वेक्षणमा छुट भएका र सर्भेक्षण भएर पनि लाभग्राहीमा पर्न मापदण्ड पूरा नभएका घरधुरीको संख्या ५७ हजार ८१० समेतलाई मिलाउँदा ११ जिल्लाको कुल घरधुरी संख्या ५ लाख ९० हजार ४६ हुन आउँछ । यसरी २०६८ सालको जनगणनाको घरधुरी संख्याको लाभग्राहीको अनुपात १००:९४.७८ रहेको देखिन्छ । स्थलगत अवलोकन गर्दा जिल्लाका सम्पूर्ण घरधुरीहरुमा क्षति भएको नदेखिनु, अन्यत्र कुनै आवासीय घर भएको कारणबाट लाभग्राहीको लगतबाट १० जिल्लामा कोही पनि हटेको नदेखिनु र नुवाकोटको छाप गाउँ विकास समितिमा १ परिवार मात्र हटेको देखिनु, रामेछाप नगरपालिका भँगेरीका एक व्यक्ति भूकम्पमा घर भत्किएर मृत्यु भएकोमा सर्भेक्षणमा बस्न योग्य घर भनी परिवारका सदस्य लाभग्राहीमा नपरेको अवस्था रहनु, अनुदान सम्झौतामा तीन पुस्ते विवरण उल्लेख हुनु पर्नेमा भूकम्प अति प्रभावित १४ वटा जिल्लामध्ये २ जिल्ला रसुवा र नुवाकोटलाई नमुना छनौट गरी परीक्षण गर्दा २ हजार ६० जना लाभग्राही परिवारको नागरिकता नं. तथा निस्सा नं. उल्लेख गरिएको नपाइएकोले लाभग्राही लगत विश्वसनीय देखिएन । तसर्थ सर्भेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको सम्बन्धित निकायबाट छानबिन गरी यथार्थता परीक्षण हुनुपर्दछ ।

११. **निजी आवास अनुदान वितरण -** निजी आवास पुनर्निर्माण प्राविधिक निरीक्षण कार्यविधि, २०७३ को परिच्छेद २ को नियम ७ र भूकम्पबाट पूर्णरुपमा क्षति भएका आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७२ को अनुसूची ३ बमोजिमका प्रक्रियाअनुसार तीन किस्तामा अनुदान उपलब्ध गराउन जिल्ला आयोजना कार्यान्वयन इकाईका प्राविधिकबाट प्लिन्थ तहसम्मको निर्माण कार्यको निरीक्षण, जाँचपास तथा प्रमाणीकरण पश्चात् दोस्रो किस्ता रु.१ लाख ५० हजार दिने व्यवस्था छ । २०७३ माघ २८ सम्ममा सम्झौता भएका ४ लाख ७९ हजार २०३ लाभग्राहीमध्ये ४ लाख ६० हजार १४५ (९६ प्रतिशत) लाई पहिलो किस्ताको रु.५० हजारका दरले रु.२३ अर्ब ७२ लाख ५० हजार अनुदान वितरण गरेको छ । त्यसैगरी पहिलो किस्ता अनुदान प्राप्त गर्ने ११ जिल्लाका ४ लाख ६० हजार १४५ लाभग्राहीहरुमध्ये ७९८ जनालाई मात्र दोस्रो किस्ता वितरण भएको छ । २०७३ आषाढ मसान्तसम्म पहिलो किस्ता प्राप्त गरेका मध्ये घर निर्माण गरेका परिवारको नमुना

छनौट गरी रामेछाप र नुवाकोट जिल्लाका ३ गाउँ विकास समितिका ३ वटा वडाको नागरिक समाज संस्था समेतको सहभागितामा गरिएको सर्भेक्षणमा त्यसरी अनुदान प्राप्त गरेका ४०० लाभग्राहीहरुमध्ये ४० ले मात्र प्लिन्थ तहसम्मको र १५ जनाले निर्माण सम्पन्न गरेको प्रतिवेदन प्राप्त भएको छ। अपेक्षित परिमाणमा निजी आवास निर्माण हुन नसक्नुमा डिजाइन उपयुक्त नभएको, प्राविधिकहरु नियमित उपस्थिती नभएको, दक्ष जनशक्तिको अभाव रहेको तथा स्वीकृत डिजाइनअनुसार प्रयोग गरिने निर्माण सामग्रीको परिमाण न्यून भै ढुवानी लागत बढी हुने कारणहरु रहेको लाभग्राही समूहसँगको छलफलमा उल्लेख गरेका छन्।

ऐन, नियमावली तथा कार्यबिधि ढिलो तयार गरिनु, प्रक्षेपित रकमको तुलनामा विनियोजन र विनियोजनको तुलनामा कम खर्च हुनु, प्राथमिकता प्रदान गरिनुपर्ने क्षेत्रमा विनियोजन नगरिनु र आर्थिक वर्षको अन्त्यमा लाभग्राहीलाई अनुदान उपलब्ध गराएको कारण पुनर्निर्माणमा कम प्रगति भएको देखिएको छ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहाय अनुसार छः

  - कार्यालय र मातहतका समेत ११ निकायमा यो वर्ष रु.७ करोड १५ लाख ४३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रु.३६ लाख ७६ हजार फछ्र्यौट गरेकोले रु.६ करोड ७८ लाख ६७ हजार बाँकी रहेको छ। सोमध्ये रु.२५ लाख ६१ हजार पेश्की बाँकी रहेको छ।
  - संगठित संस्था १ मा रु.६३ लाख ४९ हजार बेरुजू देखिएकोमा फछ्र्यौट भएको छैन।